जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९८ पृष्ठः ४ | २०८३ साउन २१ बिहीबार (Thursday 05 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## क्षतिपूर्ति र सुरक्षाको ग्यारेन्टी नभएसम्म पसल नखोल्ने व्यवसायीको अडान

सिरहाको गोलबजार घटनामा भौतिक क्षति बेहोरेका व्यवसायीले क्षतिपूर्ति र सुरक्षाको ग्यारेन्टी नभएसम्म पसल नखोल्ने अडान लिएका छन्।



**सुरेश राय**

सिरहा, २० साउन। सिरहाको गोलबजार घटनामा भौतिक क्षति बेहोरेका व्यवसायीले क्षतिपूर्ति र सुरक्षाको ग्यारेन्टी नभएसम्म पसल नखोल्ने अडान लिएका छन्। साउन १४ गते भएको हिंसात्मक घटनामा पसल तथा व्यावसायमा क्षति बेहोरेका मुस्लिम समुदायका व्यवसायीहरूले सरकारबाट क्षतिपूर्ति र सुरक्षित रूपमा व्यवसाय सञ्चालन गर्ने वातावरण पाउनुपर्ने माग राखिरहेका छन्।

सरकारले क्षतिपूर्ति र सुरक्षाको प्रत्याभूति नदिलाएसम्म पसल नखोल्ने उनीहरूको अडान छ। व्यवसायीहरूले आन्दोलनका क्रममा आफ्नो समुदायलाई लक्षित गर्दै पसल, घर तथा धार्मिकस्थलमा तोडफोड, आगजनी र लुटपाट भएको दाबी गर्दैआएका छन्। तर, घटना भएको एक साता बितिसक्दा पनि सरकार, स्थानीय तह, व्यापार संघ तथा सम्बन्धित निकायबाट आफ्नो अवस्था बुझ्नसमेत कोही नआएको उनीहरूको गुनासो छ।

'घटना भएको करिब एक साता हुनलाग्यो, तर हाम्रो अवस्था बुझ्न न सरकार आयो, न व्यापार संघ,' स्थानीय व्यवसायी मोहम्मद फयास खान भन्छन्, 'छेउछाउका साथीहरूले पसल खोलेका छन्। तर, हाम्रो दुःखमा साथ दिन कोही आएन।' सरकारले आफूहरूलाई व्यावसाय गर्ने वातावरण नै नबनाइदिएको उनले बताए। 'सरकारले क्षतिपूर्ति र सुरक्षित रूपमा व्यापार गर्न सकिने वातावरण बनाएकै छैन। त्यो ग्यारेन्टी नगरेसम्म हामी पसल खोल्दैनौं। आवश्यक परे यहाँबाट विस्थापित हुनपनि तयार छौं,' खानले भने।

अर्का व्यवसायी सबाज खानले आन्दोलनका क्रममा व्यापारीमाथि ठूलो अन्याय हुँदा पनि अहिले कोही पनि पीडा सुन्न कोही नआएको गुनासो गरे। 'गृहमन्त्री सुदन गुरुङ मृतक गणेश यादवको परिवारलाई भेट्न यही बाटो भएर जानुभयो। तर, यहाँ व्यवसायीहरूको अवस्था गाडीसमेत रोक्नुभएन,' उनले भने, 'यस्तो अवस्थामा आज पसल खोल्यौं भने भोलि फेरि यस्तै घटना हुँदैन भन्ने ग्यारेन्टी के छ ?'

-बाँकी दुई पेजमा

## सिरहामा पेस्तोल र म्यागिजनसहित तीन पक्राउ



सिरहा, २० साउन। सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका-६ स्थित सलोखरी दास टोलबाट प्रहरीले पेस्तोल र म्याग्जिनसहित तीनजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा लहान-२२ सलोखरीका १९ वर्षीय सञ्जय दास, सोही स्थानका २० वर्षीय गुरुदेव दास र लक्ष्मीपुर पतारी गाउँपालिका-६ का २० वर्षीय साबरजित दास रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठकका

-बाँकी तीन पेजमा

## सिरहा घटना : प्रारम्भिक अनुसन्धानपछि काठमाडौं फर्कियो छानबिन टोली

सिरहा, २० साउन। सुनसरी घटनापछि सिरहाको गोलबजारमा भएको आन्दोलनमा गणेश यादवको ज्यान गुमाएपछि बनेको छानबिन समितिले प्रारम्भिक अनुसन्धान सिध्याएको छ। गृह मन्त्रालयबाट खटिएको उच्चस्तरीय छानबिन समितिको टोली तीन दिनको स्थलगत अनुसन्धान तथा तथ्य प्रमाण संकलन र सरोकारवालासँगको छलफलपछि काठमाडौं फर्किएको छ। घटनाको



छानबिनका लागि गृह मन्त्रालयका सहसचिव पुष्पराज शाहीको नेतृत्वको टोली सिरहा गएको थियो। गृह मन्त्रालयका उपसचिव तथा छानबिन समितिका

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## ग्यास संकटमा सरकार किन मौन?

सिरहाको गोलबजार, लहानलगायत क्षेत्रमा देखिएको एलपी ग्यासको चरम अभाव केवल आपूर्तिको सामान्य समस्या होइन, यो सरकारको कमजोर बजार व्यवस्थापन, निरीक्षण संयन्त्रको निष्क्रियता र नागरिकप्रतिको गैरजिम्मेवारीको प्रत्यक्ष प्रमाण हो। बिहानदेखि साँझसम्म खाली सिलिन्डर बोकेर लाइनमा बस्न बाध्य नागरिकको दृश्यले एउटा गम्भीर प्रश्न उठाएको छ, आखिर जनताको आधारभूत आवश्यकताको जिम्मेवारी कसले लिने?

खाना पकाउने ग्यास कुनै विलासिताको वस्तु होइन। यो हरेक घरको दैनिक आवश्यकता हो। तर गोलबजार र लहानका नागरिकले पछिल्ला केही महिनादेखि ग्यासको अभाव झेलिरहेका छन् भने पछिल्लो सातादेखि अवस्था झन् भयावह बनेको छ। समस्या नयाँ होइन, तर सरकारको मौनता पुरानै छ। नागरिकले सास्ती खेपिरहँदा सम्बन्धित निकाय भने निरीक्षकजस्तै टुलुटुलु हेरेर बसिरहेको अनुभूति हुन्छ।

सरकारले बजार अनुगमन नियमित भइरहेको दाबी गर्छ। यदि अनुगमन साँच्चिकै प्रभावकारी छ भने बजारमा किन बारम्बार कृत्रिम अभाव देखिन्छ? किन उपभोक्ता घण्टौं लाइनमा उभिन बाध्य छन्? किन ग्यास कहिले आउने भन्ने निश्चित जानकारीसमेत उपलब्ध हुँदैन? यस्ता प्रश्नको जवाफ केवल डिलर वा उद्योगसँग होइन, नियामक निकायसँग पनि मागिनुपर्छ। नियमन गर्ने जिम्मेवारी सरकारको हो भने असफलताको नैतिक र प्रशासनिक जिम्मेवारी पनि सरकारले नै लिनुपर्छ।

अझ चिन्ताजनक पक्ष के हो भने अभावसँगै मूल्यवृद्धि र कालोबजारीको आशंका पनि बढेको छ। विगतका अनुभवले देखाएको छ कि नियमन कमजोर हुँदा केही व्यवसायीले संकटलाई नाफा कमाउने अवसर बनाउँछन्। यदि अहिले पनि त्यही भइरहेको हो भने त्यसको दोष केवल व्यवसायीमाथि थोपरेर सरकार उम्किन सक्दैन। कालोबजारी फस्टाउनु भनेको राज्यको नियमन प्रणाली असफल हुनु हो। त्यसैले दोषीलाई कारबाही गर्ने मात्र होइन, नियमनमा भएको कमजोरीको पनि सार्वजनिक समीक्षा हुनुपर्छ।


यस अवस्थाले नेपाल आयल निगम, आपूर्ति व्यवस्था हेर्ने मन्त्रालय र स्थानीय प्रशासनबीचको समन्वय कमजोर रहेको संकेत गर्छ। नागरिकलाई सास्ती परेपछि मात्र सक्रिय हुने प्रवृत्तिले समस्या समाधान हुँदैन। ग्यासको मौज्दात कति छ, ढुवानीमा कहाँ समस्या छ, वितरण किन प्रभावित भयो र समाधानका लागि के योजना बनाइएको छ भन्ने स्पष्ट जानकारी सरकारले सार्वजनिक गर्नुपर्छ। पारदर्शिताविना जनविश्वास कायम हुन सक्दैन।

राज्यको पहिलो दायित्व नागरिकलाई आधारभूत सेवा सहज रूपमा उपलब्ध गराउनु हो। जब नागरिकले अत्यावश्यक वस्तुका लागि घाममा घण्टौं लाइन बस्नुपर्छ, त्यसलाई सामान्य प्रशासनिक कमजोरी भनेर टार्न सकिँदैन। यो सेवा प्रवाहको असफलता हो। विकासका ठूला योजना र सुशासनका भाषणले जनताको भान्सा बल्दैन त्यसका लागि प्रभावकारी आपूर्ति प्रणाली चाहिन्छ।

अब सरकारसँग बहानाको समय सकिएको छ। तत्काल बजार अनुगमनलाई कडा बनाउने, कृत्रिम अभाव सिर्जना गर्ने उद्योग, डिलर वा बिचौलियामाथि कानुनी कारबाही गर्ने, ग्यास वितरणलाई पारदर्शी बनाउने र नागरिकलाई सही सूचना दिने काम अविलम्ब हुनुपर्छ। यदि आपूर्ति व्यवस्थापनमा सरकारी निकायको लापरबाही देखिन्छ भने सम्बन्धित अधिकारीलाई समेत जिम्मेवार बनाइनुपर्छ। जवाफदेहिता बिना सुधार सम्भव हुँदैन। लोकतन्त्रमा सरकारको सफलता भाषणले होइन, नागरिकको दैनिक जीवनबाट मापन हुन्छ। जनताले खाली सिलिन्डर बोकेर लाइनमा उभिनुपर्ने, ग्यास पाइन्छ कि पाइँदैन भन्ने अन्योलमा दिन बिताउनुपर्ने अवस्था कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन। राज्यको उपस्थिति नागरिकले संकटमा महसुस गर्नुपर्छ, अनुपस्थितिमा होइन।

ग्यास संकटले फेरि एकपटक स्पष्ट सन्देश दिएको छ, बजारलाई स्वतः चल्न छोडेर सरकार आफ्नो दायित्वबाट पन्छिन मिल्दैन। नागरिकले राहत होइन, आफ्नो अधिकार मागिरहेका छन्। अब सरकारले मौनता तोडेर परिणाम देखाउनुपर्छ। अन्यथा ग्यासको लाइनमा उभिएका नागरिकका प्रश्नहरू केवल ग्यासको अभावबारे मात्र होइन, शासनको असफलताबारे पनि इतिहासले दर्ज गर्नेछन्।

# विकास बजेट कार्यान्वयन नहुने परिपाटी सुधार्नुपर्छ



दल रावल

कर्णालीको सत्ता समीकरण परिवर्तन भएको छ। दुई वामपन्थी दलहरू बिचको सहकार्य नयाँ ढंगले सुरुवात भएको छ। नवनियुक्त मुख्यमन्त्री मंगलबहादुर शाहीसँग एक वर्षभन्दा बढी मन्त्रालय चलाएको अनुभव छ। शासकीय अनुभवका हिसाबले उहाँको कार्यकाल फलदायी हुनुपर्छ। उहाँ राजनीतिक आन्दोलनमा लामो समयदेखि जोडिएकै व्यक्तित्व हो। नयाँ सरकार सामु चुनौती छन् नै। हरेक सत्ता सञ्चालनमा चुनौती र अवसर सँगसँगै आउँछन्। अबको समय चुनौतीलाई घटाउँदै अवसरलाई बढाउनेतर्फ केन्द्रित हुनुपर्छ। उहाँले सरकारलाई कसरी अगाडि लैजानुहुन्छ भन्नेमा सबैको चासो छ। उहाँका सामु केही विशेष चुनौती देखा परेका छन्।

उहाँ प्रदेश सभाको दोस्रो कार्यकालको अन्तिमतिर मुख्यमन्त्री बन्नुभएको छ। उहाँले प्रदेशमा आजसम्म भएका राम्रा कामलाई निरन्तरता दिएर अगाडि बढ्न सक्नुपर्छ। कर्णालीका ठुला परियोजना र नमुना प्रोजेक्टहरूको सफल कार्यान्वयन उहाँको प्राथमिकतामा पर्नुपर्छ। प्रदेश सभालाई सबलीकरण गर्ने र संघीयतालाई मजबुत बनाउने काम बाँकी नै छन्। राजनीतिक दल र गठबन्धनभित्रको सहकार्यसँगै विपक्षी दललाई पनि मिलाएर लैजानु आफैँमा एउटा महत्त्वपूर्ण काम हो।

निर्वाचनको नजिक पुगेको अवस्थामा वामपन्थी गठबन्धन बनेको छ। स्थानीय तह र प्रदेश सभाको निर्वाचन आउँदैछ। यो समयमा वामपन्थी आन्दोलनलाई देशमा कसरी सबल बनाउन सकिन्छ भन्ने सोच्नुपर्छ। भोलिका दिनमा नेपालको वामपन्थी आन्दोलन र कर्णालीको वामपन्थी मुभमेन्टलाई एकीकृत र सबल ढङ्गले अगाडि बढाउनु आवश्यक छ। वामपन्थी सबलीकरणका माध्यमबाट कर्णालीको आर्थिक र सामाजिक रूपान्तरणका मुद्दाहरूलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश सरकारको काँधमा छ।

प्रदेश सरकार संघीयताको सुन्दर पक्ष हो। संघीयतामा तीन तहका सरकार भए पनि प्रदेश सरकार नयाँ संरचना हो। प्रदेश सरकारले गर्ने क्रियाकलाप र जनतामा देखाउने कार्यसम्पादनका आधारमा संघीयताको मूल्याङ्कन हुन्छ। गुणस्तरीय काम र सुशासनका माध्यमबाट जनतामा संघीयताप्रति सकारात्मक धारणा बनाउनुपर्ने दायित्व छ। सत्ताका माध्यमबाट सुशासनका मुद्दाहरूलाई व्यवस्थित गर्नुपर्छ। अघिल्लो सरकारले सुशासन, पारदर्शिता र सिस्टम बसाल्ने जुन सुरुवात गरेको थियो, त्यसलाई मंगलबहादुर शाही नेतृत्वको सरकारले अझ प्रभावकारी ढङ्गले निरन्तरता दिनुपर्छ।

बजेट कार्यान्वयनमा ध्यान दिनुपर्ने चुनौती छ। कर्णालीको बजेट ९५ देखि ९७ प्रतिशत केन्द्रको अनुदानमा निर्भर छ। आन्तरिक राजस्वको योगदान २ प्रतिशतमात्रै छ। अर्कोतिर प्रशासनिक समस्या छ, जहाँ राजनीतिक नेतृत्वभन्दा प्रशासनिक नेतृत्व बढी अस्थिर देखिन्छ। यसले विकास निर्माणमा प्रत्यक्ष असर पारिरहेको छ। कर्णालीको आफ्नो आम्दानी १ अर्ब पनि पुग्दैन। हामी वार्षिक औसत ३२ देखि ३३ अर्बको बजेट ल्याउँछौँ, जो केन्द्रको चार वटा अनुदानमा आधारित छ। यसरीमात्रै संघीयता बलियो हुन सक्दैन। कर्णालीको भविष्य अत्यन्त उज्ज्वल छ। त्यो भविष्यलाई आजैदेखि देख्न थाल्नुपर्छ। हामी वार्षिक बजेटमा देखिने खुद्रे गतिविधिमा मात्रै रुमल्लिने होइन। कर्णालीमा जलविद्युतको ठुलो सम्भावना छ। विद्युतको उत्पादन, प्रसारण र बिक्रीका लागि प्रदेश सरकारको आफ्नै ठोस योजना हुनुपर्छ। प्रदेश सरकारले कति लगानी गर्ने र बाह्य लगानी कसरी भित्र्याउने भन्नेमा स्पष्ट हुनुपर्छ। उत्पादनमूलक पूर्वाधारमा लगानी नगरेसम्म हाम्रो आम्दानी वृद्धि हुँदैन।

हामीसँग बहुमूल्य जडीबुटी छ। यसलाई कुन बजारमा लैजाने र कस्तो उत्पादन बनाउने भन्नेमा वन र कृषि मन्त्रालयले योजना बनाउनुपर्छ। मझौला उद्योगहरूको विकास गरेर जडीबुटी प्रशोधन गर्नेतर्फ स्पष्ट योजनासहित ध्यान दिन आवश्यक छ। संसारका ठुला कम्पनी र कर्पोरेट हाउसहरूसँग सहकार्य गरेर सरकार अगाडि बढ्न सक्छ। सार्वजनिक निजी साझेदारी विकासको आर्थिक मेरुदण्ड हो। पर्यटनको क्षेत्रमा पनि कर्णालीको विकल्प छैन। भेरी र कर्णाली कोरिडोरलाई पर्यटनको द्रुतमार्ग बनाउन सकिन्छ, त्यसका लागि केन्द्र सरकारसँग समन्वय गर्नुपर्ने दायित्व पनि छ। भारतीय र चिनियाँ पर्यटकमात्रै भित्र्याउन सके पनि कर्णालीको आन्तरिक आयमा योगदान हुन्छ।

हामी स–साना कुरामा विवाद गर्ने र बजेटको सानो अंशमा रुमल्लिने होइन। आफ्नो बजेट, आम्दानी र स्रोत पहिचानमा लाग्नुपर्छ। पैसा नभएको होइन, पैसा टन्न छ, तर त्यसको व्यवस्थापन र सञ्चालन गर्ने क्षमता चाहिन्छ। बजेटको ठुलो हिस्सा फ्रिज हुने अवस्था कर्णालीका लागि दुर्भाग्यपूर्ण छ। विकास बजेट कार्यान्वयन नहुने र चालु खर्चमात्रै हुने परिपाटी सुधार्नुपर्छ। पुँजीगत खर्च बढाउन नीतिगत सुधार आवश्यक छ। टेन्डर प्रक्रियाहरू झन्झटिला छन्। खरिद ऐन संघको प्रभावी भए पनि निर्माण प्रक्रियामा रहेका अड्चनहरू हटाउन सकिन्छ।

फागुन र पुसमा गएर टेन्डर गर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ। कर्मचारी साथीहरूले कामको क्यालेन्डर बनाउनुपर्छ। साउनमा सम्भाव्यता अध्ययन गर्ने, भदौमा टेन्डर प्रक्रियामा जाने र दसैँ अगाडि सबै प्रक्रिया सकेर निर्माणमा लाग्नुपर्छ, अनिमात्र केही रिजल्ट निकाल्न सकिन्छ भन्ने लाग्छ। हाम्रो कर्णालीको भूगोल गाह्रो छ। हुम्लाको लिमीजस्ता ठाउँमा वैशाखसम्म हिउँ हुन्छ, कात्तिकदेखि हिउँ पर्न सुरु हुन्छ। काम गर्ने सिजन थोरै भएकाले मौसमी क्यालेन्डर बनाएर पूर्वाधारका काम गर्न सके सकारात्मक रिजल्ट निकाल्न सकिन्छ।

अहिले विगतजस्तो कर्मचारी अभाव, अनुभवको कमी छैन। हामीसँग पर्याप्त कर्मचारी र युनिट छन्। उक्त मुख्यमन्त्रीले जनशक्तिको उचित परिचालन र उपयोग गराउन सक्नुपर्छ। कर्णालीमा डाक्टर र कर्मचारीलाई आकर्षित गर्न विशेष भत्ता र प्रोत्साहनका कार्यक्रम ल्याइएका छन्। त्यसको बदलामा कर्मचारीबाट पूर्णकालीन काम लिनुपर्छ। पुँजीगत खर्च नबढाई आर्थिक आय वृद्धि हुँदैन र प्रतिव्यक्ति आय पनि बढ्दैन। बजेट फ्रिज हुनु भनेको कर्णालीको विकास रोकिनु हो। एकातिर स्रोत छैन भनेर रुने, तर केन्द्रले दिएको त्यही अनुदानको पैसा पनि सदुपयोग नगर्ने अवस्थाले हामीमाथि नै प्रश्न उठ्छ। त्यो सुधार गर्नेपर्छ। सकेसम्म बजेटलाई १०० प्रतिशत कार्यान्वयन गर्ने लक्ष्यका साथ आजैदेखि स्पष्ट योजना, नीतिगत निर्देशनका साथ लाग्नुपर्छ।

अहिले प्रदेश संरचनामाथि प्रश्न उठिरहेको छ। त्यसको केही जिम्मेवार हामी पनि हो। हामीले आफ्नो क्षमता देखाउन नसकेको सत्य नै हो। हाम्रो संरचनालाई सबलीकरण गर्नुपर्छ। अनावश्यक संरचनाहरूलाई एकीकृत गर्नुपर्छ। यसअघि यामलाल कँडेल नेतृत्वको सरकारले प्रशासनिक पुनर्संरचनाको काम सुरु गरेको छ। ती खर्च कटौतीका प्रक्रिया राम्रा छन्। नयाँ मुख्यमन्त्रीले त्यसलाई निरन्तरता दिनुपर्छ। यस्ता कामले प्रदेश संरचनामाथि उठेका प्रश्न केही हल हुन्छन्। केन्द्रमा प्रदेश संरचना खारेजी वा पुनर्संरचनाका कुरा उठिरहेका छन्, विशेषगरी रास्वपाले यो कुरा उठाएको छ। संविधानले १० वर्ष पार गरेको अवस्थामा यसको समीक्षा र संशोधन आवश्यक हुन सक्छ। शासकीय प्रणाली, निर्वाचन प्रणाली र संरचनामा के सुधार गर्न सकिन्छ भन्नेमा छलफल गर्न सकिन्छ, तर हिजो संघीयता ल्याउन योगदान गरेका दलहरूलाई बाहिर राखेर यो सम्भव छैन। संघीयताले घरदैलोमा अधिकार र शासन पुर्‍याएको छ। यसलाई उपेक्षा गरियो भने लोकतन्त्र कमजोर हुन्छ भन्ने मेरो मान्यता छ।

प्रदेश सरकारमा भागबन्डा पुर्‍याउन जथाभावी मन्त्रालय थप्ने काम रोक्नुपर्छ। मेरो अनुभवमा एक मुख्यमन्त्री र चार मन्त्री भए प्रदेशका लागि पर्याप्त हुन्छ। नेपालको सन्दर्भमा संसदीय प्रणाली नै उपयुक्त छ। यसलाई अझ कम्प्रिहेन्सिभ र सुधारिएको बनाउनुपर्छ। कार्यकारी प्रमुखको नाममा तानाशाह जन्मिने खतरातर्फ सचेत हुनुपर्छ। संसदको संख्या, मन्त्रीको संख्या घटाउने र उपराष्ट्रपति तथा प्रदेश प्रमुखको भूमिकामा पुनर्विचार गर्न सकिन्छ, समानुपातिक प्रणाली र प्रत्यक्ष निर्वाचन प्रणालीमा पनि छलफल गर्न सकिन्छ।

यी कुरा मुख्यमन्त्रीले अन्तरप्रदेश समन्वय परिषद्को मञ्च प्रयोग गरेर संघीयता सबलीकरणको मुद्दा उठाउनुपर्छ। प्रधानमन्त्रीको अध्यक्षतामा हुने बैठकहरूमा प्रदेशका चुनौती र अवसरका बारेमा स्पष्ट कुरा राख्नुपर्छ। सुशासनका लागि संरचनागत सुधार र पारदर्शी कार्यशैली अपनाउनुपर्छ। मुख्यमन्त्रीले सुरुमा आफ्नो पार्टी, त्यसपछि गठबन्धनका साझेदार दल र अन्तमा विपक्षीलाई विश्वासमा लिएर अगाडि बढ्नुपर्ने हुन्छ। कर्णालीको समृद्धिका लागि यो नै सही बाटो हो। चुनौतीलाई सामना गर्दै सकारात्मक ढंगले अगाडि बढ्नुपर्छ। उहाँको यो कार्यकाल सफल होस् भन्ने शुभकामना छ। काम गर्ने इच्छाशक्ति भएमा असम्भव केही छैन। कर्णालीमा शतप्रतिशत नतिजा निकाल्न सकिन्छ। त्यसका लागि कर्मचारी परिचालन र स्रोतको सही व्यवस्थापनमा ध्यान दिन र सबैलाई मिलाएर एउटा दुरदर्शी नेताको पहिचान बनाउनुहोस् भन्न चाहन्छु।

*(कर्णालीका पूर्वमन्त्री दल रावलसँग गरिएको कुराकानीमा आधारित।)* रातोपाटीबाट

## क्षतिपूर्ति र ...

व्यवसायी मोहम्मद इमतियाज खानले मुस्लिम समुदायलाई नै लक्षित गरेर पसल, मल तथा घरहरूमा तोडफोड र आगजनी गरिएको दाबी गरे। 'गोलबजारमा मात्रै हाम्रो समुदायको करोडौं रुपैयाँ बराबरको क्षति भएको छ। तर, प्रशासन, स्थानीय सरकारदेखि संघीय सरकारबाट कोही पनि क्षतिपूर्ति पाउँछौं भनेर भन्न आएन,' उनले भने।

गोलबजार नगरपालिका–११ का वडाध्यक्ष सोहेब अनवरले गोलबजारका करिब ८० प्रतिशत व्यवसायी मुस्लिम समुदायका रहेको बताए। उनले भने, 'वर्षौंदेखि कपडा, जुत्ता, होटल, मल तथा अन्य व्यवसाय सञ्चालन गर्दैआउनुभएको थियो। अहिले सुनसरीको घटनालाई लिएर उहाँहरूमाथि नै आक्रमण भयो।'

अहिले व्यवसायीहरू गोलबजार छाडेर विस्थापित हुने सोचमा पुगेको उनी बताउँछन्। 'हामीले चारैतिर पहल गर्दै व्यवसायीहरूलाई पसल खोल्न आग्रह गरिरहेका छौं। तर, अरू निकायबाट आवश्यक पहल नै नभएको उहाँहरूको गुनासो छ,' वडाध्यक्ष अनवरले भने।

## *सिरहा घटना : ...*

सदस्यसचिव कुलशेखर अर्यालका अनुसार टोलीले सिरहामा तीन दिन बसेर विभिन्न राजनीतिक दल, उद्योग वाणिज्य संघ, समुदायका प्रतिनिधि, स्थानीयवासी, प्रत्यक्षदर्शी, सुरक्षा निकाय तथा प्रमुख जिल्ला अधिकारीसँग छलफल गऱ्यो ।

टोलीले आन्दोलनका क्रममा घाइते भएका व्यक्तिलाई धरान पुगेर भेट गरेको थियो। उपसचिव अर्यालले चिकित्सकलाई उद्धृत गर्दै घाइतेको स्वास्थ्य अवस्था अहिले सामान्य रहेको र दुई–तीन दिनभित्र अस्पतालबाट डिस्चार्ज गरिने जानकारी प्राप्त भएको बताए। उनका अनुसार गृह मन्त्रालयले तोकेको समयसीमाभित्र प्रतिवेदन बुझाउने तयारी भइरहेको छ। सोमबार टोलीले घटनास्थलको स्थलगत निरीक्षण गरेको थियो। त्यसपछि मंगलबार बिहान गोलबजार नगरपालिकाका नगर प्रमुख श्यामकुमार श्रेष्ठको अध्यक्षतामा सर्वदलीय बैठक राखेर राजनीतिक दलका प्रतिनिधिसँग जानकारी संकलन तथा छलफल गरिएको थियो।

त्यसपछि उद्योग वाणिज्य संघ गोलबजारका व्यवसायीहरूसँग छलफल गरेर आन्दोलनका क्रममा भएको क्षति, घटनाको पृष्ठभूमि तथा व्यवसायीका गुनासो सुनिएको थियो। साथै मुस्लिम समुदायका प्रतिनिधिहरूसँग छुट्टै छलफल गरी घटनाको कारण, प्रभाव तथा सामाजिक सद्भाव कायम गर्ने उपायबारे पनि छलफल गरिएको टोलीले जनाएको छ। व्यवसायिक संरचना तथा सम्पत्तिमा भएको क्षतिको विवरण स्थानीय प्रशासन र जिल्ला प्रशासन कार्यालयले संकलन गरिरहेको पनि उपसचिव अर्यालले बताए।

गोलबजार घटनापछि गृहमन्त्री सुधन गुरुङले मृतक गणेश यादवको परिवारलाई घरमै पुगेर भेट गरी घटनाको निष्पक्ष छानबिन गर्ने र दोषीमाथि कानुनबमोजिम कारबाही गरिने प्रतिबद्धता व्यक्त गरेका थिए।

## *सिरहामा पेस्तोल ...*

अनुसार मंगलबार राति करिब १०ः३० बजे फुलबारीबाट आउँदै गरेका उनीहरूलाई प्रहरी चौकी सितापुरबाट प्रहरी सहायक निरीक्षक प्रदीप मधुवन यादवको नेतृत्वमा खटिएको टोलीले शंका लागेपछि चेकजाँच गरेको थियो। सो क्रममा साबरजित दासको साथबाट एक थान पेस्तोल र एउटा म्याग्जिन बरामद भएको प्रहरीले जनाएको छ। एसपी पाठकका अनुसार पक्राउ परेका तीनैजनालाई प्रारम्भिक अनुसन्धानका लागि प्रहरी चौकी सितापुरबाट इलाका प्रहरी कार्यालय लहान ल्याइएको छ। बरामद गरिएको पेस्तोल र म्याग्जिनको स्रोत, प्रयोगको उद्देश्य तथा घटनासँग सम्बन्धित अन्य पक्षबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

प्रहरीले घटनाबारे थप अनुसन्धान जारी रहेको र अनुसन्धानको निष्कर्षका आधारमा कानुनी प्रक्रिया अगाडि बढाइने जनाएको छ।

# उपेन्द्र–सीके सम्बन्ध : पहिले दुस्मनी, अहिले दोस्ती

**विगतमा एकले अर्काको अस्तित्व समेत नस्विकार्ने गरी आरोप प्रत्यारोप गर्ने जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमतका अध्यक्ष डा. सीके राउत पछिल्लो दिनमा नजिकिएका छन्। उनीहरूको पछिल्लो सम्बन्धबारे जानकारहरू पार्टी एकता गर्ने गरी संवाद भइरहेका छन्।**

**लिलु डुम्रे**

काठमाडौं, २० साउन। २०६३ सालको मधेस आन्दोलनबाट उदाएका जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र २०७९ को निर्वाचनबाट मधेसमा बलियो शक्तिका रूपमा देखिएका जनमतका अध्यक्ष डा. सीके राउतबीच विगतमा राजनीतिक सौहार्द्धता थिएन। मधेसकेन्द्रित दलको नेतृत्व गरेका यादव र राउत विगतमा एकले अर्काको अस्तित्व समेत नस्वीकार्ने गरी सार्वजनिक रूपमै आरोप प्रत्यारोप उत्रन्थे। प्रतिनिधिसभाको गत निर्वाचनमा दुवै शक्ति कमजोर भएपछि यी दुई नेताहरूको विगतको वैमनस्यतामा अल्पविराम लागेको छ।



मधेसकेन्द्रित दलका नेताहरूका अनुसार यादव र राउतको संवाद पछिल्लो दिनहरूमा बाक्लिएको छ। मधेसका मुख्य प्रतिस्पर्धी नेताको पहिचान बनाएका यादव र राउत बीचको कटुता हट्दै गएपछि सात दलीय 'अग्रगामी मोर्चा' बनाउन सहमत भएका छन्। गत सोमबार (साउन १८ गते) मोर्चा गठन गर्ने छलफलमा सँगसँगै देखिए। साउन २३ गते मोर्चाको औपचारिक घोषणा गरिने जनमत अध्यक्ष राउतले जानकारी गराए। उक्त मोर्चामा जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नागरिक उन्मुक्ति पार्टी नेपाल, नेपाल संघीय समाजवादी पार्टी र बहुजन एकता पार्टी नेपाल छन्।

जनअधिकार पार्टीका अध्यक्ष डा.शरदसिंह यादव जसपा नेपालका अध्यक्ष यादव र जनमतका अध्यक्ष राउत नजिकिनुमा गत निर्वाचनको परिणाम कारण देख्छन्। उनी भन्छन्,'शून्यमा झर्नु भएको छ। उपेन्द्रले जे–जे गर्दै आउनुभयो। सीकेजीले पनि त्यही प्रवृत्ति अंगाल्दै आउनु भएको छ। दुबैको व्यवहार मिल्दै गएपछि नजिकिनु भएको छ।' मुख्यतः मधेसवादी दलहरू सम्मिलित भएर बनेको अग्रगामी मोर्चाले मधेसका जनतालाई कुनै प्रभाव नपार्ने जनअधिकार पार्टीका अध्यक्ष यादव दाबी गर्छन्। नवगठित मोर्चालाई उनी स्वार्थीगामी मोर्चाको संज्ञा दिन्छन्।

यादव र राउतकै कारणले विगतमा बनेको मधेस केन्द्रित दलहरूको मोर्चा कामयावी हुन सकेको थिएन। २०८१ चैतमा मधेस केन्द्रित सात दलको संघीय लोकतान्त्रिक मोर्चा गठन गरेका थिए। मधेसकेन्द्रित दलबाट कुनै व्यक्ति विशेषलाई नेता बनाउने गरी हुने बैठकमा सहभागी नहुने अडान राउतले लिएका थिए। संघीय लोकतान्त्रिक मोर्चाको बैठकको अध्यक्षता उपेन्द्रले गर्ने भएपछि त्यसप्रति राउतले आपत्ति जनाएका थिए। राउतकै अडानले संघीय लोकतान्त्रिक मोर्चाले गर्ने बैठकको अध्यक्षता आलोपालो गर्ने गरी निर्णय गरिएको थियो।

मधेस केन्द्रित दलको मोर्चाको भूमिका प्रभावकारी हुन नसक्नुमा यी दुई नेताको 'इगो'को लडाइँ भएको मधेसकेन्द्रित दलका नेताहरू आरोप लगाउँछन्। २०७५ सालमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सहमति गरेर मूलधारको राजनीतिमा राउतलाई ल्याएदेखि यादव र राउतको शक्ति संघर्ष मधेसमा बढेको थियो। मधेसलाई हेर्ने दृष्टिकोणमा समेत यी दुई नेताको मत मिलेन। यादव स्वायत्त मधेसको पक्षमा आवाज उठाउँदै आएका थिए भने मूलधारको राजनीतिमा आउनु अघि राउतले स्वतन्त्र मधेसको नारा लगाउँथे।

दुबै नेता एक अर्कामा गालीको तहमा समेत उत्रिएका थिए। राउतले यादवलाई 'काला नाग'को संज्ञा दिन्थे। राउत आपराधिक प्रवृत्ति भएको व्यक्तिका रूपमा यादवले आरोप लगाउँथे। दुई जनाको प्रतिद्वन्द्विता बढ्दै जाँदा २०७९ सालमा प्रतिनिधि सभाको निर्वाचनमा यादवसँग सप्तरी–२ मा राउतले प्रतिस्पर्धा गरे। राउतले फराकिलो अन्तरले यादवलाई पराजित गरे। संघीय संसद्मा प्रत्यक्षमा जित्ने जनमतबाट राउत एक्लो व्यक्ति थिए। समानुपातिकबाट जनमतका पाँच सांसद बने।

प्रदेश सभामा जनमतले मधेसमा १३ र लुम्बिनीमा ३ सिट जित्यो। २०६४ सालदेखि मधेसको राजनीतिमा 'रजगज' गर्दै आएका यादवलाई पराजित गरेपछि राउतको राजनीतिक उचाइ बढ्यो। २०७९ सालमा जनमतले प्राप्त गरेको सिटका आधारमा मधेसमा अबको प्रमुख शक्ति जनमत हुने भन्दै विश्लेषण भए। यी दुई नेताको टकराव २०७९ सालको निर्वाचनमा मात्रै देखिएन। त्यसपछिका घटनाक्रममा पनि देखिए। सप्तरी–२ मा पराजित भएपछि यादव बारा–२ मा उपचुनावमा प्रतिस्पर्धा गर्न गए। त्यहाँबाट निर्वाचित रामसहाय यादवलाई जसपा नेपालले उपराष्ट्रपति बनाएपछि रिक्त स्थानमा प्रतिस्पर्धा गर्न स्वयं यादव गएका थिए।

तत्कालीन सत्ता गठबन्धनका साझा उम्मेदवार यादवले बारा–२ मा जिते। सत्ता र शक्तिको आडमा यादवले चुनाव आफ्नो पक्षमा पारेको जनमतले आरोप लगायो। यादव र राउतबीच दुश्मनीभन्दा यादव र राउतको प्रतिद्वन्द्विता उपराष्ट्रपतिको चुनावमा पनि देखियो। जसपाले रामसहाय यादवलाई उपराष्ट्रपति उम्मेदवार बनाउँदा जनमतले ममता झालाई उम्मेदवार बनाएको थियो। यी दुई नेताको शक्ति संघर्ष चुनावी क्षेत्र, उपराष्ट्रपति निर्वाचन हुँदै मधेस सरकारमा पनि देखियो। सप्तरी–२ मा मधेस कृषि विश्वविद्यालयको भवन शिलान्यायको विषयलाई लिएर यादव र राउतको सम्बन्ध झनै बिग्रियो।

२०८० माघमा विश्वविद्यालयको भवन शिलान्यास गर्ने समय मुख्यमन्त्री जसपाका सरोजकुमार यादव थिए। मुख्यमन्त्री यादवले पार्टी अध्यक्ष यादवबाट भवनको शिलन्यास गराउन चाहन्थे। शिक्षामन्त्री जनमतका संसदीय दलका नेता महेशप्रसाद यादव थिए। यादवबाट हुने शिलान्यास स्विकार्न जनमत तयार भएन। यही विषयमा विवाद बढ्दा शिलान्यासको दिन जनमतले प्रदर्शन नै गऱ्यो जसमा प्रहरी हस्तक्षेप हुँदा मधेश प्रदेशका तत्कालीन शिक्षामन्त्री महेशप्रसाद यादवसहित केही सांसद र कार्यकर्ता सामान्य घाइते भएका थिए।

मधेसको राजनीतिमा वर्चश्व कायम राख्न एकले अर्काको विरुद्धमा लाग्दा यादव र राउतका विवादहरू चरण–चरणमा भएका छन्। जसपा नेपालका प्रवक्ता मनिष सुमन वर्तमान सरकारबाट प्राप्त उपलब्धिहरू गुम्न सक्ने खतरा रहेको हुँदा मित्रशक्तिहरू मिल्नु स्वभाविक भएको बताए। 'संघीयता, समावेशीतामाथि यो सरकारबाट खतरा देखियो। सिद्धान्त र विचार मिल्नेहरूसँग अहिले सहकार्य गर्छौं,' सुमनले भने,'भविष्यमा एउटै चुनाव चिन्हमा प्रतिस्पर्धा गर्छौं। कुरा मिल्दै गयो भने पार्टी एकताको चरणसम्म पुग्छौं।'

गत निर्वाचनमा भने दुबै जना पराजित भए। २०७९ सालमा जितेको क्षेत्र सप्तरी–२ मा राउत पराजित भए। सप्तरी–३ मा यादव पराजित भए। पराजित भएको केही दिनपछि सामाजिक सञ्जालमार्फत आगामी दिनमा आफू चुनावी प्रतिस्पर्धा नगर्ने राउतले घोषणा गरेका छन्। मधेसकेन्द्रित दलका एक शीर्ष तहका नेता अनुसार पराजयपछि यादव र राउतले पछि पटक–पटक संवाद गरेका छन्। ती नेताको दाबी अनुसार पार्टी एकीकरण गर्ने गरी दुई जनाबीचमा छलफल भएको छ।

उनी भन्छन्,'उपेन्द्रले अध्यक्ष तपाईं बन्ने भनेर वचन दिएका छन्। त्यही स्वार्थमा दुई जना मिलेको देखिएको हो।' मधेस केन्द्रित दलहरूले चुनावी तालमेल गर्नुपर्ने त्यतिबेला छलफल भएपनि यादव र राउतकै कारणले सम्भव हुन नसकेको ती नेताको दाबी छ। राष्ट्रिय मुक्ति पार्टीका महासचिव केशव झा मधेसका जनताले दुई शीर्ष नेताको मिलन मात्रै नचाहेको बताउँछन्। मधेस केन्द्रित सबै दल मिल्नुपर्ने र नेतृत्वको पुस्तान्तरण गर्नुपर्ने पक्षमा मधेसी जनता रहेको झाले बताए।

उनी भन्छन्,'दुई नेता मिल्नु वा मोर्चा बनाउनु मधेसी जनताको रुचीको विषय होइन। मधेस केन्द्रित सबै दल मिलेर नेतृत्वको पुस्तान्तरण मधेसका जनताले खोजेका छन्।' यादवसँग नजिकिएसँगै राउत प्रफुल्लित देखिन्छन्। विगतमा यादवको आलोचना गर्दै सामाजिक सञ्जालमा धारणा राख्ने राउतले उनै यादवको तस्वीर राखेर सत्तारुढ रास्वपाप्रति क्रुद्ध देखिएका छन्। आफूसहित यादव र रेशम चौधरीले संकटपूर्ण राजनीतिबाट यहाँसम्म आइपुगेको रास्वपा लक्षित उनको टिप्पणी छ।

उनी भन्छन्, 'ऐतिहासिक मधेश आन्दोलन, स्वराज आन्दोलन र थरूहट आन्दोलन सानो त्यागले भएको होइन, ठूलो बलिदानी लागेको हो। क्षणिक स्टन्ट होइन, दशकौंको संघर्ष लागेको हो, चाउचाउ कुपनबाट सांसद बन्ने सपना होइन करौडौं जनताको आस्था हो, त्यसलाई सम्मान गरौं।' अनलाइनबाट

# धनुषामा वनक्षेत्र वृद्धि

**विजयकुमार साह**

ढल्केबर, २० साउन। धनुषामा पछिल्लो दुई दशकको अवधिमा वनक्षेत्र११.१७ प्रतिशतले वृद्धि भएको छ। वन कार्यालय, निजी क्षेत्र तथा विभिन्न संघ संस्थाले वृक्षरोपण तथा हरियाली प्रवर्धनका कार्यक्रम सञ्चालन गरेपछि वनक्षेत्र विस्तार भएको हो। डिभिजन वन कार्यालय धनुषाको तथ्याङ्क अनुसार दुई दशकको अवधिमा तीन हजार ८० हेक्टर वनक्षेत्र विस्तार भएको छ। सन् २००० मा २७ हजार ५७८ हेक्टर वनक्षेत्र थियो भने सन् २०२३ मा बढेर ३० हजार ६५८ हेक्टर पुगेको छ।

डिभिजन वन कार्यालय धनुषाका डिभिजनल प्रमुख विनोद सिंहलेवनक्षेत्र वृद्धि हुनुमा निजी क्षेत्रको महह्वपूर्ण योगदान रहेको बताउनुभयो। उहाँले राष्ट्रिय वनक्षेत्रको दायरा यथावत् रहेको बताउँदै निजी वनक्षेत्रमा वृद्धि भएकाले समग्रमा वनक्षेत्र बढेको बताउनुभयो। उहाँका अनुसार पछिल्ला वर्ष निजी जमिनमा उल्लेखनीय वृक्षरोपण भएको छ। वन कार्यालय, समृद्धि वन परियोजनालगायत विभिन्न विकास साझेदार संघ संस्था तथा नागरिक स्वयम् सक्रिय भएर वृक्षरोपण गरेकाले हरियाली क्षेत्र बढेको उहाँको भनाइ छ। डिभिजनल प्रमुख सिंहले निजी जग्गामा आँपलगायतका विभिन्न फलफूल तथा काठजन्य बिरुवा अत्यधिक रोपिएको बताउनुभयो। वन संरक्षण र हरियाली प्रवर्धनप्रति नागरिकको चेतना बढ्दै जाँदा निजी वनको अवधारणा पनि विस्तार हुँदै गएको उहाँले जानकारी दिनुभयो।

वन अधिकृत तथा प्राविधिक अनिल साहका अनुसार एकै ठाउँमा आधा हेक्टर जमिनमा रुखबिरुवा भएको स्थानलाई वनक्षेत्रमा गणना गर्ने प्रावधान रहेको बताउनुभयो। यही मापदण्डका आधारमा निजी जग्गामा रोपिएको वृक्षलाई पनि वनक्षेत्रका रूपमा गणना गरिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार पछिल्लो दुई दशकमा निजी जमिनमा आँपलगायत विभिन्न फलफूलका बोट, सिसौ, सपेता जस्ता काठजन्य प्रजातिका रुख उल्लेखनीय रूपमा बढेका छन्। किसानले व्यावसायिक खेतीसँगै वृक्षरोपणलाई आम्दानीको स्रोतका रूपमा लिन थालेपछि निजी वन विस्तार भएको उहाँले बताउनुभयो।

उहाँले हरियाली प्रवर्धनका लागि गत आर्थिक वर्षमा मात्र निजी क्षेत्र तथा विभिन्न संघ संस्थालाई गरी एक लाख ५० हजार बिरुवा वितरण गरिएको जानकारी दिनुभयो। नदी उकास, खाली सार्वजनिक जग्गा तथा अन्य उपयुक्त स्थानमा गरी ६० हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको उहाँको भनाइ छ। उहाँका अनुसार वनक्षेत्र विस्तारसँगै वातावरणीय सन्तुलन कायम राख्न, जैविक विविधताको संरक्षण गर्न, जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न तथा भूक्षय नियन्त्रणमा समेत योगदान पुगेको छ। हरियाली विस्तारले स्थानीयस्तरमा तापक्रम नियन्त्रण, भूजल पुनर्भरण तथा वन्यजन्तुको वासस्थान संरक्षणमा समेत सहयोग पुगेको वन अधिकृत साहको भनाइ छ।

# धवल शमशेरको नेतृत्वमा गठन भयो ‘जय नेपाल पार्टी’, दुर्गा प्रसाईं सर्वोच्च नेता



काठमाडौं, २० साउन। राष्ट्रिय प्रजातन्त्र पार्टीको महामन्त्री त्यागेर बाहिरिएका डा. धवलशमशेर राणाको सभापतित्वमा 'जय नेपाल पार्टी' गठन भएको छ। राष्ट्र राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानका संयोजक रहेका व्यवसायी दुर्गा प्रसाईं उक्त पार्टीको सर्वोच्च नेता बनेका छन्। केही समयअघि एकता गरेका यी दुई समूहले पार्टीको नाम राख्नका लागि उपसमिति गठन गरेको थिए। उपसमितिको सिफारिसमा पार्टीको नाम ‘जय नेपाल पार्टी’ राखिएको अध्यक्ष राणाले जानकारी दिए।

“उपसमितिको सिफारिसअनुसार नाम ‘जय नेपाल पार्टी’ राख्ने निर्णय भयो,” डा. राणाले भने, “पार्टीको कार्यकारी अधिकारसहित अध्यक्ष म (धवल) र सर्वोच्च नेता दुर्गा प्रसाईंजी रहने पनि निर्णय भएको छ।” त्यसबाहेक अन्य पदाधिकारी भने तत्कालका लागि हुने छैनन्। उनका अनुसार प्लेन केन्द्रीय समिति बनाएर समय क्रममा पार्टीले नेताहरूलाई उपयुक्त जिम्मेवारी तोक्नेछ। उनले दिएको जानकारीअनुसार पार्टी साउन २८ गते दर्ता हुनेछ।

# जनकपुरमा पोखरीको डिल अतिक्रमण गरेर निर्माण गरिएका घरटहरामा डोजर चल्ने



जनकपुरधाम, २० साउन। जनकपुर उपमहानगरपालिकाभित्र रहेका गुठी अन्तर्गतका विभिन्न ७ वटा पोखरी तथा तिनका डिल क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका घरटहरामा डोजर चल्ने भएको छ। अतिक्रमण गरी बनाइएका घर–टहरा गत शुक्रबारबाटै हटाउने तयारी भए पनि सुनसरी घटनाबाट सिर्जित परिस्थितिका कारण अन्तिम समयमा आएर रोकिएको थियो। आगामी साता ती अतिक्रमण खाली गराइने भएको छ।

गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदलको प्रतिवेदन–२०६२ कार्यान्वयन समितिले साउन १ गते सार्वजनिक सूचना जारी गर्दै जनकपुरको विशहरा पोखरी, दशरथ तलाउ, अर्गजा सर, रत्न सागर, मुरली सर, दीर्घिका सर, गोडधोई पोखरी लगायत तिनका डिल क्षेत्रमा भएका अनधिकृत संरचना र अतिक्रमण हटाउन निर्देशन दिएको थियो।

सूचनामा ७ दिनको म्याद तोके पनि त्यो समयभित्र अनधिकृत संरचना हटाउन कसैले चासो देखाएनन्। यसरी संरचना हटाउन कसैले चासो नदेखाएपछि भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बृहत्तर जनकपुर क्षेत्र अन्तर्गत रहेका गुठी जग्गाको संरक्षण तथा अतिक्रमण हटाउन ११ सदस्यीय टोली गठन गरेको थियो।

केन्द्रीय गुठी संस्थान, प्रधान कार्यालयका गुठी प्रशासक शैलेशराज कुँवर आफैँ जनकपुर आएर अतिक्रमित पोखरी र त्यसका डिल कब्जा गरी अनधिकृत रूपले निर्माण गरिएका संरचना अवलोकन गरेका थिए। मन्त्रालयले गठन गरेको ११ सदस्य सम्मिलित टोलीको संयोजकमा गुठी प्रशासक शैलेशराज कुँवर, जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय समिति धनुषाका जिल्ला समन्वय अधिकारी, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, भूमि प्रशासन कार्यालय धनुषाका प्रमुख भूमि प्रशासन अधिकृत, नापी कार्यालय धनुषाका प्रमुख नापी अधिकृत, गुठी संस्थान शाखा कार्यालय धनुषाका कार्यालय प्रमुख, जनकपुर उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, मधेस प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालय लगायतका प्रतिनिधि सदस्य छन्।

केन्द्रीय गुठी संस्थान तथा गठित समितिका प्रवक्ता जनक पोखरेलले गत शुक्रबारदेखि नै अतिक्रमण भएका ठाउँ खाली गराउने तयारी रहे पनि अन्तिम समयमा आएर रोक्नु परेको बताए। ‘डोजर लगायतका सामग्री तयार अवस्थामा राखेका थियौँ तर बिहीबारदेखि कर्फ्यु जारी भएकाले त्यो प्रक्रिया रोकिन पुगेको हो,’ उनले भने। पोखरेलका अनुसार प्रतिवेदनमा ४९ वटा पोखरीको रेखाङ्कन, नाँपजाच गर्नुपर्ने सुझाव दिइएको छ। जस अनुसार हालसम्म १३ वटाको सकिएको उनले बताए। त्यसमध्ये ७ वटा पोखरीको डिलमा निर्माण गरिएका संरचना खाली गराउन लागिएको उनको भनाइ छ।

पोखरेलका अनुसार ७ वटा पोखरीको डिलमा कच्ची र पक्की गरी ४२ वटा घरटहरा छन्। समितिलाई बृहत्तर जनकपुर क्षेत्रअन्तर्गत रहेका पोखरी, पोखरीका डिल, रामजानकी मन्दिरलगायत प्रमुख मठ–मन्दिर र गुठी जग्गामा भएका अतिक्रमण हटाई संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी दिइएसँगै उच्चस्तरीय कार्यदलको प्रतिवेदन २०६२, सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग २०७६ को प्रतिवेदन तथा गुठी जग्गासम्बन्धी अन्य प्रतिवेदनमा उल्लेख भएका कार्यहरू कार्यान्वयन गर्न समेत भनिएको छ।

समितिको कार्यक्षेत्रअनुसार मन्दिर परिसर, पोखरी तथा पोखरीका डिलमा भएको अतिक्रमण रेखांकन गरी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र स्वेच्छाले जग्गा खाली गर्न र अन्य गुठी जग्गामा घर–टहरा निर्माण गरी बसोबास गरिएको क्षेत्र रेखांकन गरी सम्बन्धित व्यक्तिलाई अतिक्रमण हटाउन सूचना दिइएको थियो। जनकपुर नगर क्षेत्रमा टोलीले काम थालेसँगै स्थानीय त्रसित बनेका छन्। गुठीको जग्गामा घर बनाएकाहरू थातथलो छोड्नुपर्ने हो कि मनोवैज्ञानिक त्रासमा छन्। त्यसमा पनि केन्द्रमा बालेन शाहको सरकार आएलगत्तै राजधानीमा सुकुमबासीहरूप्रति गरिएको व्यवहारले जनकपुरका कैयौँ बासिन्दा झनै सशंकित बनेका छन्।

# भेटेरिनरी अस्पताल प्रमुख र सवारीचालकविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं, २० साउन। सप्तरीको राजविराज नगरपालिका– ३ स्थित भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रका कार्यालय प्रमुख र सवारीचालकविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर भएको छ। भ्याक्सिनेटरहरूबाट कमिसनस्वरूप घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कार्यालय प्रमुख (पशु विकास अधिकृत/आठौँ तह) डा. रामपवित्र दास र हलुका सवारीचालक भोगेन्द्र यादवविरुद्ध बुधबार मुद्दा दर्ता गराएको हो।

उनीहरूले कृषकका पशु चौपायाहरूमा खोप कार्यक्रम सम्पन्न गरेबापत भ्याक्सिनेटरहरूले पाउनुपर्ने पारिश्रमिक रकम भुक्तानी गर्दा २० प्रतिशत कमिसन माग गरेको अभियोगपत्रमा उल्लेख छ। उनीहरूले भुक्तानी रकमको कम्तीमा २० प्रतिशत रकम बार्गेनिङ गरी कुल एक लाख ३२ हजार ३५० रुपैयाँ घुस लिएको देखिएको अख्तियारले जनाएको छ।

# धनुषामा सम्बन्धविच्छेदका घटना बढ्दो

जनकपुरधाम, २० साउन। धनुषा जिल्लामा पछिल्लो समय सम्बन्धविच्छेदका घटना बढ्दै गएको छ। जिल्ला अदालतको पछिल्लो तथ्याङ्कले सामाजिक संरचना, बसाइँसराइ, आधुनिक जीवनशैली, आर्थिक अवस्थाका कारण सम्बन्धविच्छेदको घटना बढेको देखाएको हो। अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सम्बन्धविच्छेदसम्बन्धी ३३३ वटा मुद्दा दर्ता भएका थिए। अघिल्लो आर्थिक वर्षबाट सरेर आएका १६७ समेत अदालतमा सम्बन्धविच्छेदका ५०० मुद्दा अदालतमा थिए। त्यसमध्ये २८१ मुद्दामा फैसला भइसकेको छ भने २१९ मुद्दा विचाराधीन रहेको सूचना अधिकारी महतोले बताए।

अघिल्लो आव २०८१/८२ मा सम्बन्धविच्छेदका ३१५ नयाँ मुद्दा दर्ता भएका थिए। त्यस वर्ष ३४७ मुद्दामा फैसला भएको थियो। एक सय ६७ मुद्दा चालु आर्थिक वर्षमा सरेका थिए। सम्बन्धविच्छेदसम्बन्धी मुद्दा लगातार बढ्दो दर्ता संख्याले धनुषामा वैवाहिक सम्बन्धमा तनावको प्रवृत्ति बढ्दै गएको देखाएको छ। शिक्षामा चेतनासगै महिलाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार, वैदेशिक रोजगारीका कारण लामो समयसम्म पति–पत्नी बेग्लै रहनुपर्ने परिस्थिति, सामाजिक सञ्जालको बढ्दो प्रयोग, पारिवारिक विवाद तथा घरेलु हिंसाका घटनाले वैवाहिक सम्बन्ध अन्त्यका घटना बढिरहेको कानुन व्यवसाय राजकुमार महासेठले बताए।

उनका अनुसार गरिबी, बेरोजगारी, वैदेशिक रोजगारीबाट ल्याएको परिवर्तन, एक्लै बस्न रुचाउने जीवनशैली तथा व्यक्तिगत स्वतन्त्रताको बढ्दो चेतनाले दाम्पत्य सम्बन्धलाई नयाँ चुनौती दिइरहेको छ। पछिल्लो समय महिला वा पुरुष दुवैले आफूलाई अन्याय भएको महसुस गरेमा कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको उनको भनाइ छ। बढिरहेको सम्बन्धविच्छेदले समाजमा एकातिर व्यक्तिगत अधिकारप्रति देखिएको जागरूकता तथा अर्कोतर्फ पारिवारिक सम्बन्धमा संवाद र सहिष्णुताको कमी हुँदै गएको सङ्केत पनि गरेको छ।

कानुन व्यवसायी दीपककुमार विश्वकर्माका अनुसार सम्बन्धविच्छेदसम्बन्धी मुद्दा बढेसँगै अदालतमा पारिवारिक विवाद समाधानका लागि मध्यस्थताको आवश्यकता पनि बढ्दै गएको छ। समयमै परामर्श, मनोवैज्ञानिक सहयोग, वैवाहिक शिक्षा र पारिवारिक संवादलाई प्रोत्साहन गर्न सके बढिरहेको सम्बन्धविच्छेदका घटनालाई केही हदसम्म न्यूनीकरण गर्न सकिने छ।

# ट्रान्सफर्मर चोरी हुँदा दुई सय घरमा खानेपानीको हाहाकार



**राजकरण महतो**

बर्दिबास, २० साउन। महोत्तरीको बर्दिबास नगरपालिका–१३ बिजलपुरास्थित पञ्चधुरा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको ट्रान्सफर्मर चोरी भएपछि करिब दुई सय घरधुरी खानेपानी सेवाबाट वञ्चित भएका छन्। मंगलबार राति आएको चोरको समूहले पोलमा जडान गरिएको ट्रान्सफर्मर तल झारी त्यसभित्र रहेको तामा निकालेर लगेको वडाध्यक्ष लक्ष्मण सिंहले जानकारी दिए। ट्रान्सफर्मर नै क्षतिग्रस्त बनाएर तामा चोरी गरिएकाले खानेपानी सञ्चालन पूर्ण रूपमा ठप्प भएको उनले बताए।

बुधबार बिहानदेखि धारामा पानी आउन छाडेपछि स्थानीय उपभोक्ता खानेपानीको चरम समस्यामा परेका छन्। दैनिक उपभोगका लागि समेत पानीको अभाव भएपछि स्थानीयवासीले चोरी नियन्त्रणमा सुरक्षा निकायको प्रभावकारितामाथि प्रश्न उठाएका छन्। इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी गुरु प्रसाद तिमिल्सिनाले घटनाको अनुसन्धान भइरहेको र संलग्न व्यक्तिको खोजी तीव्र पारिएको बताए। स्थानीय वडा सदस्य ठकाइ महतोका अनुसार यस क्षेत्रमा यसअघि पनि ट्रान्सफर्मर चोरी भएको थियो। पटक–पटक यस्ता घटना दोहोरिनुले विद्युत् तथा सार्वजनिक पूर्वाधारको सुरक्षा कमजोर रहेको देखिएको स्थानीयको भनाइ छ।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले अवरुद्ध खानेपानी सेवा यथाशीघ्र पुनः सञ्चालन गर्न नेपाल विद्युत् प्राधिकरणमार्फत नयाँ ट्रान्सफर्मर जडानको प्रक्रिया अघि बढाइएको जानकारी दिए। सार्वजनिक सेवासँग प्रत्यक्ष जोडिएको खानेपानी आयोजनाको ट्रान्सफर्मर नै चोरी हुँदा सयौं परिवार आधारभूत आवश्यकताबाट वञ्चित भएका छन्। स्थानीयले दोषीलाई तत्काल पक्राउ गरी सार्वजनिक सम्पत्तिको सुरक्षा कडा बनाउन प्रशासनसँग माग गरेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)